मधेशदृष्टिमा विज्ञापनका लागि सम्पर्क नं.:
9808835198
9802592799
9803474311
9854028218

नजर हमर
राष्ट्रिय दैनिक
# मधेशदृष्टि
Madheshdristi National Daily
www.emadheshdristi.com




वर्ष ३ | अंक १३३ | २०८१ साल चैत्र १४ गते बिहीबार | Thursday 27, March 2025 | सूर्योदय: बिहान ६:०१ बजे | सूर्यास्त: साँझ ६:२० बजे | पृष्ठ ४ | मूल्य रु. ५/-

## जनतालाई निःशुल्क दिइने ९८ औषधीमा मधेश सरकारसँग ३० थरि मात्रै

**वीरेन्द्र रमण**
**जनकपुरधाम ।**
मधेश प्रदेशका मुख्यमन्त्री सतिश कुमार सिंहले मधेश प्रदेशभरका स्वास्थ्य संस्था अनुगमन गरेर बेथिति हटाउने कार्य गरेका छन् । जसको चारैतिर प्रशंसासमेत भइरहेको छ । तर मधेश प्रदेश सरकारकै अधीनमा रहेको स्वास्थ्य संस्था भने आफैँ बिरामी परेर थला परेको छ । मधेश प्रदेशको सबै भन्दा बढी बेथितिको सिकार स्वास्थ्य मन्त्रालयअन्र्तगत स्वास्थ्य संस्थामा देखिएको छ । प्रदेशका स्वास्थ्य संस्थामा देखिएको बेथितिका कारण स्वास्थ्य संस्थामा वितरण गरिने निःशुल्क औषधीसमेत अभाव हुन थालेको छ । जसकारण बिरामी मर्कामा परिरहेका छन ।

मधेश प्रदेश सरकारको स्वास्थ्य संस्थामा औषधी आपूर्ति गर्दै आएको प्रदेश सरकारको स्वास्थ्य आपूर्ति व्यवस्था केन्द्रमा समयमा औषधी खरिद नहुँदा अस्पतालमा निःशुल्क वितरण गरिने औषधी अभाव भएको छ । आपूर्ति केन्द्रका रवीन्द्र मिश्रका अनुसार प्राथमिक उपचारका सामानको अभाव देखिएको हो । उनले ९८ प्रकारका औषधीमध्ये ३० प्रकारको औषधी मात्रै आपूर्तिसँग भएको बताए ।

आपूर्ति केन्द्रले अस्पताल र स्वास्थ्य चौकीबाहेक विभिन्न संस्थाले गर्ने स्वास्थ्य शिविरमा समेत औषधी सहयोग दिँदै आएको छ । तर आपूर्ति भवनभरी निःशुल्क दिने गरी औषधी नरहेको सूचना टाँसिएको छ । केन्द्रको भवनमा टाँसिएको सूचनामा 'केन्द्रबाट यस आर्थिक वर्षको औषधी खरिद प्रक्रियामै रहेकाले हाललाई कुनै पनि मेला शिविरका लागि औषधी वितरण गर्न नसकिने भएकाले क्षमाप्रार्थी छौँ' भनेर लेखिएको छ । एक आर्थिक



वर्षमा आपूर्ति केन्द्रमा तीन वटा कार्यालय प्रमुख परिवर्तन गरिएका कारण यसको प्रत्यक्ष असर औषधी खरिद प्रक्रियामा परेको हो । एक आर्थिक वर्षमा तीन वटा कार्यालय प्रमुख फेरिँदा आपूर्तिको अवस्था अस्तव्यस्त बनेको छ ।

२०८० मंसिर २० गते डा. मनिष पाण्डेलाई जिम्मेवारी दिइएको थियो । उनी यो वर्षको असोज २० गते सरुवा भए । उनका ठाउँमा डा.राजीव कुमार झालाई जिम्मेवारी दिइएको थियो । उनी पनि विवादित भएर फागुन २ गते सरुवा भए । उनको स्थानमा डा.सुनिल प्रसाद कुशवाह आएका छन् । फागुन १ गते बसेको मन्त्रिपरिषद् बैठकले प्रादेशिक अस्पताल सिरहामा कार्यरत स्वास्थ्य सेवा अधिकृत एघारौँ तहका प्रमुख मेडिकल सुपरिटेण्डेण्ट डा. सुनिल प्रसाद कुशवाहलाई प्रदेश निजामती सेवा ऐन २०७७ को दफा २५ बमोजिम प्रदेश स्वास्थ्य आपूर्ति व्यवस्थापन केन्द्र, मधेश प्रदेशमा रिक्त निर्देशक पदमा सरुवा गर्ने निर्णय गरेको थियो । सोही निर्णयका आधारमा उनी यस ठाउँका प्रमुख भएका छन् भने उनीमाथि सिरहा अस्पतालको समेत जिम्मेवारी कायमै छ ।

आपूर्ति केन्द्रको मुजेलियामा औषधी भण्डारण कक्ष निर्माण भइरहेको छ । त्यसको भूइँ तलामा समेत औषधी राखिने गरिएको छ । त्यहाँ धेरै औषधी अलपत्र अवस्थामा राखिएको छ ।

## मुख्यमन्त्रीको निर्देशन नमान्ने अस्पताल सञ्चालक पक्राउ

**मधेशदृष्टि**
**रौतहट ।**
मधेश प्रदेशका मुख्यमन्त्री सतिश कुमार सिंहको निर्देशन अटेर गर्दै आएका शिवनगरस्थित आनन्द हस्पिटल तथा एक्युपञ्चरका सञ्चाल डा. उमेश प्रसाद साह पक्राउ परेका छन् । जिल्ला प्रहरी प्रमुख एसपी दिलीप घिमिरेको निर्देशनमा इलाका प्रहरी कार्यालय शिवनगरका प्रमुख सई बब्लुकान्त झाको नेतृत्वमा गएको टोलीले उनलाई उनको हस्पिटलबाट पक्राउ गरेको हो ।

पक्राउ परेका डाक्टर साहलाई तत्कालै आवश्यक कारबाहीका लागि प्रहरीकै गाडीमा राखेर जिल्ला प्रहरी कार्यालय गौर पठाइएको रौतहट प्रहरी प्रमुख एसपी घिमिरेले बताए । हस्पिटल सञ्चालक साहलाई नियन्त्रणमा लिएर अनुसन्धानपछि उचित कारबाही गरिने एसपी घिमिरेले जानकारी दिए ।

मुख्यमन्त्री सिंहले दुई साताअघि अनुगमनक्रममा आनन्द हस्पिटल मापदण्डविपरीत सञ्चालनमा रहेको पाइएपछि बन्द गर्न निर्देशन दिएका थिए । मापदण्ड पूरा गरेपछि मात्र हस्पिटल सञ्चालन गर्ने भनेर मुख्यमन्त्री सिंहले दिएको निर्देशन आनन्द हस्पिटल शिवनगरका सञ्चालक उमेश प्रसादले अटेरी गरी निर्बाधरुपमा हस्पिटल सञ्चालन गर्दै आएका थिए । नियमानुसार व्यवस्थापन नहुन्जेलसम्म पुराना बिरामीलाई अन्य हस्पिटलमा राखेर उपचार गर्ने तथा आनन्द हस्पिटलले उपचार खर्च दिनुपर्ने हुन्छ ।

तर त्यसको बिपरीत डाक्टर साहले पुराना बिरामीलाई आफ्नै हस्पिटलमा उपचार गर्नुका साथै नयाँ बिरामीलाई समेत भर्ना गरी उपचारका नाममा लुट मच्चाउँदै आएको प्रत्यक्षदर्शीले बताए । पछिल्लो दुई दशकदेखि उमेश प्रसादले अवैध हस्पिटल सञ्चालन गरी लकवा प्यारालाइसिस रोगको उपचारका नाममा खुलेयाम लुट मच्चाउँदै आएका थिए । मुख्यमन्त्री सिंहले गरेको अनुगमनक्रममा शिवनगर, गरुडा, र चन्द्रपुरमा मापदण्डविपरीत सञ्चालनमा रहेको डेढ दर्जन हस्पिटल तत्काल बन्द गर्न निर्देशन दिएका थिए ।

## आर्थिक संकटमा प्रज्ञा प्रतिष्ठान

**मधेशदृष्टि**
**जनकपुरधाम ।**
मधेश प्रदेशको भाषा, साहित्य, कला र संस्कृति संरक्षण र संवर्द्धनका लागि स्थापित मधेश प्रज्ञा प्रतिष्ठान आर्थिक संकटमा फसेको छ । प्रदेश सरकारले २०७९ फागुन १७ गते महत्वाकांक्षसहित प्रतिष्ठान गरेको थियो । मधेश प्रदेशको सांस्कृतिक सम्पदालाई राष्ट्रिय र अन्तर्राष्ट्रियस्तरमा चिनाउने उद्देश्यले गठन गरिएको प्रतिष्ठान सरकारकै असहयोगको सिकार भएको हो ।

कर्मचारीले गएको साउनदेखि तलब पाएका छैनन् । तलब नआएपछि कर्मचारी अनुपस्थित हुन थालेका छन् । कार्यालयमा पानी र इन्टरनेटसमेत अभाव देखिन्छ । कार्यालय सहयोगी




मेथुल देवी यादवका अनुसार कार्यालय सुनसान छ ।

प्रतिष्ठानका अध्यक्ष रामभरोस कापडि भन्छन्, 'मधेश प्रज्ञा—प्रतिष्ठान गठनपछि मुख्यमन्त्री सतिश कुमार सिंहको कार्यकालमा बजेट रोक्ने काम भएको हो, प्रदेश सरकारको नेतृत्वले प्रतिष्ठानलाई अस्तित्वमा राख्न सकेको छैन ।' प्रतिष्ठानलाई बजेट उपलब्ध नगराउनु नै प्रतिष्ठान संकटमा फस्नु हो । 'बजेट रोक्नु भनेको प्रतिष्ठानको घाँटी अठ्याएर सरकारको अव्यवस्था ढाकछोप गर्ने प्रयास मात्र हो । सरकारको यस्तो रवैयाले मधेशको सांस्कृतिक भविष्य ध्वस्त पार्ने खतरा बढेको छ,' कापडि भन्छन्, 'प्रतिष्ठानले मधेशका सबै भाषा, साहित्य, संस्कृति, कला र पुरातत्त्वको अध्ययन, अनुसन्धान र संरक्षण गर्नुपर्ने थियो ।

तर, बजेटको अभावमा एकपछि अर्को कार्यक्रम स्थगित भएका छन् । प्रतिष्ठानको अस्तित्व सरकारको तानाशाही प्रवृत्तिको सिकार भइरहेको छ ।' शिक्षा तथा संस्कृति मन्त्रालयका निमित्त सचिव दिलिप कुमार ठाकुरले प्रतिष्ठानका लागि मन्त्रालयले आफ्नो बजेटबाट १ करोड ३० लाख रुपैयाँ अब बस्ने मन्त्रीपरिषद् बैठकबाट निर्णय गरेर पठाइने बताए ।

## मुख्यमन्त्रीद्वारा थप नौ होटलमा अनुगमन

**मधेशदृष्टि**
**जनकपुरधाम ।**
मधेश प्रदेशका मुख्यमन्त्री सतिश कुमार सिंहले बुधबार जनकपुरधामका नौवटा होटलमा अनुगमन गरेका छन् । आइतबार १० वटा होटल अनुगमन गरेका उनले जनकपुरधामका विभिन्न होटलको खाद्य सुरक्षा तथा स्वच्छतास्थिति अनुगमन गरेका हुन् ।

प्रदेशको भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय, जिल्ला प्रशासन कार्यालय धनुषा, खाद्यप्रविधि तथा गुणस्तर नियन्त्रण कार्यालय जननकपुरधाम, साना उद्योग तथा घरेलु कार्यालय जनकपुरधामका अधिकारी र उद्योग वाणिज्य सङ्घ जनकपुरधामका प्रतिनिधि सम्मिलित संयुक्त अनुगमन टोलीसँगै उनले होटल अनुगमन गरेका हुन् ।



मुख्यमन्त्री सिंहले प्रादेशिक राजधानी जनकपुरधाम देशविदेशका पर्यटकका लागि महत्त्वपूर्ण गन्तव्यस्थल रहेको र पर्यटकीय दृष्टिले छुट्याउनै नहुने यस गन्तव्यमा रहेका केही होटलमा स्वस्थकर र स्वच्छ खानाखाजा उपलब्ध नहुने गरेको गुनासो आएपछि आफूले अनुगमन थालेको बताए । सबै होटलले स्वच्छताको मापदण्ड पछ्याउन खोजे पनि त्यो उचित तथा पर्याप्त नभएको भन्दै उनले बहुसंख्यक होटलमा ग्राहक बस्ने ठाउँ सफा भए पनि भान्साघरमा सरसफाइ तथा त्यहाँ उपयोग हुने सामग्रीको भण्डारण व्यवस्थित नभएको उल्लेख गरे ।

होटलका लागि स्वस्थ्यकर सामग्री र स्वच्छता अनिवार्य सर्त भएको भन्दै मुख्यमन्त्री सिंहले मापदण्डअनुसार होटल सञ्चालन नभए कानुनअनुसार कारबाही हुने पनि प्रस्ट्याए । 'सरकार सुधारात्मक आग्रहले अघि बढेको छ । यसको अर्थ अनुगमनका क्रममा हामीले दिएको सल्लाह वा निर्देशनको पालना होटल सञ्चालकले गर्नुपर्छ । अटेर भएमा होटल बन्द गर्नेसम्मको कारबाही हुनेछ,' मुख्यमन्त्री सिंहले अनुगमनस्थलमा पुगेका सञ्चारकर्मीसँग भने । उनले होटलमा बिक्रीवितरण हुने सामग्रीको मूल्य व्यवस्थापन गर्न जिम्मेवार निकायसँग प्रदेश सरकारले समन्वय गर्ने समेत बताए । अनुगमनमा संलग्न जनकपुर उद्योग वाणिज्य सङ्घका अध्यक्ष सुरेन्द्र भण्डारीले होटलमा देखिएका त्रुटि सुधार गर्न आफूहरूले व्यवसायीलाई आह्वान गर्ने बताए । सोमबारको अनुगमनमा नौ होटलमध्ये एकमात्र होटलको अवस्था सन्तोषजनक पाइएको साना उद्योग तथा घरेलु कार्यालय जनकपुरधामका प्रमुख सन्तोष साहले बताए । अनुगमनक्रममा अत्यधिक सेवाग्राहीको भिड हुने गरेको शिवचौकस्थित न्यू राधा होटल र छपरिया नास्ता पसलमा सरसफाइको अवस्था कमजोर देखिएको र त्यहाँ खाना नहुने २० लिटर तेल, प्याज, समोसा र लिटी नष्ट गरिएको छ । दुवै होटललाई अन्तिम पटकका लागि भान्साघरको सरसफाइ मापदण्डअनुसार व्यवस्थापन गर्न निर्देशन दिइएको छ ।

जनकचोकको होटल फिल इट र मिथिला यात्री निवासमा शाकाहारी र मांसाहारी सामग्री छुट्टाछुट्टै राख्न र भान्साकोठाको सरसफाइ व्यवस्थापन गर्न निर्देशन दिइनुका साथै त्यहाँ रहेका अखाद्य वस्तु ब्रेड, ब्रेडरोटी र मासु नष्ट गरिएको छ । यसैगरी लक्ष्मी मिष्ठान भण्डारमा म्याद गुज्रेका चाउमिन पाँच थान, खान नहुने बिग्रेको बर्फी २० पिस नष्ट गरिएका छन् । मिष्ठान भण्डारलाई भान्साघर सरसफाइ व्यवस्थापनमा गम्भीर नभए होटल नै बन्द गराउनुपर्ने अवस्थाका बारेमा जानकारी गराइएको साना उद्योग तथा घरेलु कार्यालय जनकपुरधामका प्रमुख साहले जानकारी दिए ।

## वडाध्यक्ष ४४ दिनदेखि धर्नामा

**मधेशदृष्टि**
**जनकपुरधाम ।**
धनुषाको सबैला नगरपालिका–११ का वडाध्यक्ष सरोजकुमार यादव ४४ दिनदेखि धर्नामा छन् । नगरपालिकाको चरम बेवास्ता, प्रशासनिक लापरवाही र अराजकताविरुद्ध उनी नगरपालिकाको मुख्य प्रवेशद्वारमा धर्ना दिइरहेका छन् । नगरपालिकाको शैक्षिक सुधार, कर्मचारी व्यवस्थापन र सरसफाइजस्ता आधारभूत सेवामा भइरहेका गम्भीर लापरवाही र असक्षमताको विरोधमा उनको धर्ना कायमै छ । यादवले नगरपालिकाका विद्यालयमा ७० भन्दा बढी शिक्षक अभाव रहेको उल्लेख गर्दै तत्काल शिक्षक नियुक्ति माग गरेका छन् । विद्यार्थीको शैक्षिक गुणस्तरमा गम्भीर असर परिरहेको र नगरपालिकाले कुनै सुनुवाइ नगरेको भन्दै यादवले धर्ना नै बस्नु परेको बताए । शिक्षक अभावले विद्यालयको पठनपाठन ठप्प हुने



स्थिति सिर्जना भएको छ । मधेश प्रदेशका बालबालिकाको भविष्यसँग खेलवाड भइरहेको उनको भनाइ छ । यादवका अनुसार शिक्षक अभावले सम्पूर्ण विद्यालय धरासायी भएका छन् । उनले भने, 'शिक्षा जस्तो संवेदनशील क्षेत्रमा नगरपालिका प्रशासनको यो प्रकारको लापरबाहीले शैक्षिक संकट अझै गहिरो बनाउँदैछ ।' यादवले वडा कार्यालयमा कम्प्युटर अपरेटर अभावले नागरिक सेवामा अवरोध सिर्जना भएको बताए । यादवले बारम्बार नगरपालिकासँग कम्प्युटर अपरेटर र अन्य कर्मचारी व्यवस्था गर्न माग गरे पनि नगरपालिकाले कुनै चासो नदेखाएको बताए ।

वडाध्यक्ष यादवले सामाजिक सुरक्षाभत्ता वितरण प्रणालीमा सुधार गर्दै प्रत्येक वडामा पुगेर भत्ता वितरण गर्न माग गरे । साथै, राष्ट्रिय परिचयपत्र गाउँमै बनाएर वितरण गर्ने व्यवस्था गर्न माग गरे । तर, नगर प्रमुख कारीराम यादवले प्राविधिक समस्या र सुरक्षाको कारण देखाउँदै माग व्यवहारिक नभएको भन्दै बेवास्ता गरेपछि वडाध्यक्षको धर्ना शुरु भएको हो । उनलाई वडा नम्बर ९ का वडाध्यक्ष मनिषकुमार रायले समर्थन गर्दै वडा कार्यालय बन्द गरेर धर्नामा बस्ने बताएका छन् ।

सम्पादकीय

# कुलमान घिसिङबारे विवाद र विपक्षले पाएको मुद्दा

नेपाल विद्युत् प्राधिकरणका कार्यकारी निर्देशक कुलमान घिसिङलाई हटाइएको छ । घिसिङलाई नियुक्त गर्दा बखत जो कार्यकारी निर्देशक थिए, हितेन्द्रदेव शाक्य, उनलाई नै फेरि जिम्मेवारी दिइएको छ । खास गरेर कुलमानले नेपाल विद्युत् प्राधिकरणमा देखिएको समस्या समाधान गरेर नेपाली जनताका लागि नियती झैँ बनेको लोडसेडिङ हटाउन प्रयास गरेका थिए ।

यति मात्रै होइन, उनले विभिन्न देशसम्म विद्युत् बिक्रीसमेत गरे । वास्वतमा यो एकखालको भन्ने हो भने नेपालीका लागि कल्पना नै थियो । तर उनले त्यसलाई साकार पारे । जसकारणले सरकारले दुई पटक उनलाई उही पदमा जिम्मेवारी दिएको थियो । तर केही समय यता आएर मन्त्रीसँग नै विवाद हुन थालेपछि घिसिङलाई हटाउनमा सरकार पुगेको हो । त्यसलाई सामान्यरुपमा लिनुपर्ने हो किनभने त्यो पद कुनै स्थायी पद होइन तर सरकारले जसरी वा जुन समयमा हटाएको छ, त्यसलाई लिएर सरकारको आलोचनासमेत भइरहेको छ । खास गरेर मुलुकमा अहिले केही दक्षिणपन्थी सडक तताउन अहिलेको व्यवस्थाप्रति सन्तुष्टि जनाएर आन्दोलनको धम्की दिइरहेको समयमा जसरी सरकारले उनलाई हटाएको छ, त्यसले एउटा चुनौती देखा परेको छ ।

आखिर तिनै पक्षले मलजल त पाउने होइन भन्ने समस्या देखिएको छ । आखिर अहिलेको समस्यामा जसरी जनतामा एकखालको असन्तोष भइरहेको अवस्थामा राम्रो काम गर्ने घिसिङलाई हटाउने कार्य त्यति सान्दर्भिक थिएन कि ? अहिले विपक्षीलाई समेत सहजै मुद्दा भेटिएको छ । अर्थात् अहिले विपक्षी सडकदेखि सदनसम्म आन्दोलन गर्ने पक्षमा छ । जसले सरकार एउटा घेराबन्दीमा पर्ने अवस्था छ । सरकार यसखालको अवस्थाबारे जानकार भए पनि यसरी आफैँले बेला नकुबेलाले कतै त कतै देशमा अस्तव्यस्ताको अवस्था आउने सम्भावनामा किन होमियो ? यसले मुलुकलाई राम्रो गर्दैन । प्रतिनिधि सभा र राष्ट्रिय सभामा विपक्षीले सरकारको यस कदमको विरोध गर्दैै संसद नै अवरुद्ध पारेको अवस्था छ । कुलमान घिसिङको प्राधिकरणमा सेवा अवधि पनि धेरै थिएन, मात्रै चार महिना सेवा अवधि बाँकी थियो, चार महिना मात्रै सेवा अवधि हुँदै गर्दा घिसिङलाई हटाउनुपर्ने त्यस्तो के बाध्यता आइलाग्यो सरकारलाई ? यो एउटा गम्भीर प्रश्नसमेत हो ।

आखिर सरकार नै सडक तताउने वातवरण त बनाइरहेको छैन ? यसको समेत उत्तिकै चर्चा छ । घिसिङको बर्खास्तीमा बक्यौता उठाउन नदिने, जलमाफियाको स्वार्थ पूरा गर्ने, विद्युत् प्राधिकरणलाई बिचौलियाको हातमा सुम्पिने उद्देश्यमा आधारित छ भन्ने विपक्षीको आरोप छ । यता सरकारमा सहभागी दलहरु भने घिसिङको बर्खास्तीलाई सामान्य रुपमा लिनुपर्ने बताइरहेको छ ।

यस्तो अवस्थामा जसरी विपक्षी र सरकारमा सहभागी दलहरुबीचमा तिक्तता बढेको छ । यसले कतै न कतै अहिलेको व्यवस्था नचाहने तत्वलाई नै बल पुगेको अवस्था छ । त्यसकारण यसतर्फ सरकारसमेत चनाखो र गम्भीर हुनुपर्ने अवस्था छ । केही सरकारमा रहेका दलहरुले समेत यसकोे आलोचना गरिरहेका छन् । यसले समेत सरकारलाई आफूलाई जोगाउन समस्या परिरहेको छ । त्यसकारण सरकारले कुनै पनि कार्य गर्दा यसको परिणामको समेत समीक्षा गर्नुपर्ने आवश्यकता छ । खास गरी अहिले जसरी केही शक्ति सल्बलाइरहेका छन्, त्यस अवस्थामा विपक्षी र सत्ताधारी दलबीच कुनै पनि राजनीतिक विषयवस्तुलाई लिएर अन्तरविरोध हुनु राम्रो होइन, त्यसकारण यस विषयमा सरकार सचेत हुनुपर्ने अवस्था छ । विपक्षीहरुको पनि समस्या चर्काएर सडक तताएर मात्रै समस्या समाधान हुन्छ भन्ने कुरा कदापि उचित देखिदैंन । त्यसकारण सबै पक्ष यसमा गम्भीर हुनुपर्ने आवश्यकता छ ।

# ‘मन्त्रिपरिषद्मा ३३ प्रतिशत महिला खोइ ?



चन्दा चौधरी

*मधेशी समुदायको बाहुल्य रहेको मधेश प्रदेशमा महिला हिंसाका घटना बढ्दो क्रममा छन् । नेपाल प्रहरीको अघिल्लो वर्षको तथ्याङ्क हेर्ने हो भने घरेलु हिंसामा कुल १६ हजार ५ सय १९ वटा उजुरी दर्ता भएकामा मधेश प्रदेशमा चार हजार ९ सय २३ वटा दर्ता भएका थिए । बोक्सी आरोपको जम्मा ४३ वटा घटनामध्ये ३२ वटा मधेशमा दर्ता भएका थिए । अवैध गर्भपतनको ३२ घटनामध्ये १३ वटा मधेशमा भएको छ । यौन हिंसाको जम्मा तीन हजार ३ सय ५७ घटनामध्ये ४ सय ५६ वटा मधेशमा छ । बहुविवाहको ७ सय २३ घटनामा १ सय २२ वटा मधेशमा भएको तथ्याङ्क छ । यो तथ्यबाट प्रष्ट हुन्छ । मधेशी समुदायका महिला जताबाट पनि विभेदमा पर्ने गरेका छन् ।*

प्रतिनिधिसभाको सांसद भएको दुई वर्ष भयो । सङ्घीय संसद् जति प्रभावकारी ढङ्गले चल्नुपर्ने हो, त्यति प्रभवकारी रूपमा चल्ने सकेको छैन । हामी प्रतिनिधिसभाका सांसद जनताप्रति उत्तरदायि हुनेभन्दा पनि सरकार बनाउनमै व्यस्त भएको देखिन्छ । हाम्रो व्यवस्था नै त्यस्तै छ । बहुमतको आधारमा सरकार बनाउने र परिवर्तन हुन्छ । बहुमत कुनै एउटा पार्टीले ल्याउन सकेको छैन । त्यसैले पनि सरकार बनाउन दुई वा दुईभन्दा बढी पार्टी मिल्नुपर्ने अवस्था छ । प्रतिनिधिसभाले महिलाको लागि अलि धेरै ‘प्लेट फर्म’ दिनुपर्छ जस्तो लाग्छ।

अहिलेको संविधानमा महिलाको लागि धेरै व्यवस्था गरिएको छ । तर संवैधानिक व्यवस्थाको पूर्णकार्यान्वयन हुन सकेको छैन । संविधानको धारा ३८, ७०, ८४, ९१ र ९२ लगायत महिलासँग सम्बन्धित संवैधानिक व्यवस्थाको व्यवहारिक कार्यान्वयन हुन सकेको छैन । कार्यान्वयन गर्ने सवालमा महिलाको अधिकार कटौती गरिएको छ । हामीले राज्यका हरेक संरचनामा ५० प्रतिशत महिलाको सहभागिता हुनुपर्ने माग गर्दै आएको हो । त्यो हुन सकेको छैन । अहिले संसद्मा ३३ प्रतिशत मात्रै महिलाको सहभागिता छ । यो ३३ प्रतिशतलाई अझै प्रभावकारी बनाउनुपर्छ । ३३ प्रतिशत संसद्मा मात्रै होइन मन्त्रिपरिषद्मा पनि ३३ प्रतिशत महिलाको सहभागिता सुनिश्चित गर्नुपर्छ । संविधान संशोधन गरेर महिलाको ३३ प्रतिशतलाई बढाएर ५० प्रतिशत पु¥याउनुपर्छ । सङ्घीय संसदमा ३४ प्रतिशत महिलाको सहभागिता छ । प्रदेशसभामा ३६.५ र स्थानीय तहमा ४१.१ प्रतिशत महिलाको सहभागिता रहेको छ । अब यसलाई ५० प्रतिशत पु¥याउनुपर्छ । जस्तोःफरक लिङ्गबाट प्रतिनिधित्व गर्दा राष्ट्रपति वा उपराष्ट्रपति महिला हुनुपर्ने, भएको छैन।

थप अधिकारको निम्ति लाग्नुपर्ने छ । तर भएको अधिकारलाई पूर्णरूपमा कार्यान्वयन गर्न सकेको खण्डमा महिलाको सहभागिता बढ्दै जान्छ । महिला महिलाबीच प्रतिस्पर्धा हुने छुट्टै निर्वाचन क्षेत्र छुट्याउनुपर्छ । त्यसो गरेको खण्डमा महिलाको संख्या बढ्छ । देशमा महिला हिंसा तथा बलात्कारका घटना दिन प्रतिदिन बढ्दै गएको देखिन्छ । महिला हिंसाको एउटा समस्या भनेको बाल विवाह पनि हो । त्यसैगरी मानिसमा चेतनाको पनि कमि छ । महिला हिंसा रोक्नका लागि सरकारले बाल विवाहलाई रोक्नुपर्छ । बाल विवाह रोक्नका लागि स्थानीय तहको महत्वपूर्ण भूमिका हुन्छ । अर्को कुरा, सरकारले सचेतना मूलक कार्यक्रम सञ्चालन गर्नुपर्छ । बलात्कारका घटनामा सङ्लग्न व्यक्तिलाई कानुनबमोजिम कडाभन्दा कडा कारबाही गर्न सक्नुपर्छ सरकारले । महिला हिंसा र बलात्कारको अन्त्य गर्नका लागि सरकारले लागुऔषधपनि रोक्नुपर्छ । यी विषय सङ्घीय वा प्रदेश सरकारले मात्रै हेरेर पुग्दैन । स्थानीय सरकार झन बढी सक्रिय हुनुपर्छ । मैले बाल विवाहको सवालमा संसद्मा सङ्कल्प प्रस्ताव पनि गर्दा गराएकी छु । मेरो संकल्प प्रस्तावमा २० वर्ष पूरा भएको प्रमाणपत्र वडा कार्यालयले दिएपछि मात्रै विवाह गर्न लिल्ने भनिएको छ । बाल विवाहका घटना मधेश प्रदेशमा भयाबह छ । महिला हिंसासँग जोडिएको अर्को विषय दाइजो प्रथा पनि मधेशमा चरम छ । दाइजोको कारण महिलाको हत्याका घटना भइरहेका छन् । अब राजनीतिक दल वा सरकारले मत पाइँदैन कि भनेर डराएर हुँदैन । गलत कुराको अन्त्य गर्नुपर्छ । दाइजो प्रथा वा बाल विवाहको विषयमा तँ चुप मैं चुप गरेर हुँदैन।

समस्या मधेशमा मात्रै होइन । अन्य क्षेत्रमा पनि छ । सुदूरपश्चिममा अहिले पनि छाउपडि समस्या छ । हिमालमा पनि आफ्नै समस्या छ । मधेश स्वास्थय उपचार, शिक्षा, र आर्थिक हिसावमा कमजोर छ । मधेशमा सबैभन्दा ध्यान दिनुपर्ने शिक्षा र रोजगारी हो । मधेशी समुदायमा पहिलाको तुलनामा धेरै सुधार भएको छ । तर जति हुनुपर्ने हो, त्यति सुधार हुन सकेको छैन । २०७८ सालको जनगणनाअनुसार पुरुषको साक्षरता दर ८३.६ प्रतिशत छ भने महिलाको ६९.४ प्रतिशत छ । मधेशी समुदायको बाहुल्य रहेको मधेश प्रदेशमा महिला हिंसाका घटना बढ्दो क्रममा छन् । नेपाल प्रहरीको अघिल्लो वर्षको तथ्याङ्क हेर्ने हो भने घरेलु हिंसामा कुल १६ हजार ५ सय १९ वटा उजुरी दर्ता भएकामा मधेश प्रदेशमा चार हजार ९ सय २३ वटा दर्ता भएका थिए । बोक्सी आरोपको जम्मा ४३ वटा घटनामध्ये ३२ वटा मधेशमा दर्ता भएका थिए । अवैध गर्भपतनको ३२ घटनामध्ये १३ वटा मधेशमा भएको छ । यौन हिंसाको जम्मा तीन हजार ३ सय ५७ घटनामध्ये ४ सय ५६ वटा मधेशमा छ । बहुविवाहको ७ सय २३ घटनामा १ सय २२ वटा मधेशमा भएको तथ्याङ्क छ । यो तथ्यबाट प्रष्ट हुन्छ । मधेशी समुदायका महिला जताबाट पनि विभेदमा पर्ने गरेका छन् । सङ्घीय सरकारले प्रदेश सरकार र स्थानीय सरकारप्रतिको दायित्व पूरा गर्न सकेको छैन । सङ्घीय निजामती ऐन, शिक्षा ऐन र प्रहरी ऐन सङ्घीय सरकारले बनाउन सकेको छैन । सङ्घीयता आए पनि स्थानीय र प्रदेश सरकारले आफ्नो अधिकार पाएको छैन । सरकारले अब ‘नीति तथा कार्यक्रम’वा बजेट बनाउँदा सर्वे गर्नुपर्छ । मन्त्री वा सांसदले आफ्नो निर्वाचन क्षेत्रको लागि बजेट मागेको आधारमा भन्दा पनि आवश्यकताको आधारमा बजेटको व्यस्था गर्नुपर्छ । सरकारले रोजगारी सिर्जना गर्ने बजेट बनाउनुपर्छ । अहिले हाम्रो देशको ठूलो जनशक्ति बाहिर पलायन भइरहेको छ । विकास पनि गर्नुपर्छ । तर विकासभन्दा पहिला जनताको समस्यालाई बुझ्नुपर्छ । विकासको नाममा सरकार कतिपय ठाउँमा अनावश्यक बजेट विनियोजना गरिरहेको छ । त्यो बजेटलाई रोजगारीमा लगाइयो भने स्वाभाविक रूपमा युवा काम गर्न विदेश जानु पर्दैन । राज्यले शिक्षामा पनि लगानी गर्नुपर्छ । युवा पलायन रोक्नका लागि ठूला ठूला उद्योग खोल्नुपर्छ । रासस

# ‘ब्ल्याक सी’ र ऊर्जा क्षेत्रमा सैन्य आक्रमण रोक्ने सहमति

संयुक्त राज्य अमेरिकाको मध्यस्थतामा भएको वार्ताका क्रममा रुस र युक्रेनले ‘ब्ल्याक सी’ र ऊर्जा क्षेत्रमा सैन्य आक्रमण रोक्न मङ्गलबार सहमति जनाएका छन् । अमेरिकी राष्ट्रपति डोनल्ड ट्रम्पले दशौँ हजार मानिसको ज्यान लिइसकेको युद्धको शीघ्र अन्त्यका लागि जोड दिइरहेका बेला अमेरिकी वार्ताकारहरूले साउदी अरबको राजधानी रियादमा युक्रेन र रुसका प्रतिनिधिमण्डलबीच तीन दिनसम्म छुट्टाछुट्टै भेटवार्ता गरेका थिए । अमेरिकी राष्ट्रपतिको कार्यालय (ह्वाइट हाउस) ले जारी गरेको वक्तव्यमा भनिएको छ, ‘दुवै देश ‘सुरक्षित नेभिगेसन सुनिश्चित गर्न, बल प्रयोग अन्त्य गर्न र ‘ब्ल्याक सी’मा सैन्य उद्देश्यका लागि व्यापारिक जहाजको प्रयोग रोक्न सहमत भएका छन् ।’ दुवै देशमा ऊर्जा पूर्वाधारमा आक्रमणमा प्रतिबन्ध लगाउने उपायहरू पनि खोजी गर्ने सहमति भएको संयुक्त राज्य अमेरिकाले जनाएको छ । यसैबीच, क्रेमलिनले रूसको कृषि क्षेत्रमा लगाइएको प्रतिबन्ध हटेपछि मात्र ‘ब्ल्याक सी’ मा आक्रमण रोक्ने सम्झौता लागू हुने बताएको छ । रुस र संयुक्त राज्य अमेरिकाले गत हप्ता रूसी राष्ट्रपति भ्लादिमिर पुटिनले जारी गरेको ३० दिने ग्यास (इन्धन)को पाइपलाइन, विद्युत् गृह र तेल प्रशोधन केन्द्रमा लागू हुने ऊर्जा युद्धविराममा सहमति जनाएका छन् । अमेरिकी राष्ट्रपति ट्रम्पको चर्को दबाबपछि कूटनीतितर्फ फर्केका युक्रेनी राष्ट्रपति भोलोदिमिर जेलेन्स्कीले अमेरिकी सहायता र गुप्तचर आदानप्रदानमा केही समयका लागि प्रतिबन्ध लगाउनेलगायत सम्झौताले काम गर्छ कि गर्दैन भनेर अहिले नै भन्न नसकिने तर ती ‘सही कदम’ भएको बताएका छन् । जेलेन्स्कीले किएभमा आयोजित पत्रकार सम्मेलनमा भने, ‘वार्तामा भविष्यमा युद्धविरामका लागि तेस्रो पक्षलाई ल्याउने विषयमा पनि छलफल भएको छ ।’ दुवै पक्षसँग सम्बन्ध कायम गरेको टर्कीले ‘ब्ल्याक सी’को अवस्थाको अनुगमन गर्न सक्ने र मध्यपूर्वी राष्ट्रले ऊर्जा सम्झौताको पर्यवेक्षण गर्न सक्ने उनले बताए।

**कृषि क्षेत्रबारे प्रस्ताव**

सन् २०२२ मा युक्रेनमाथि आक्रमणको आदेश दिएदेखि नै पश्चिमा राष्ट्रहरूले पुटिनलाई बहिष्कृत गरेकोमा यसको अन्त्य गर्दै ट्रम्पले पदभार ग्रहण गरेपछि पुटिनसँग सीधै वार्ता गरेका थिए । यस सहकार्यको बदलामा संयुक्त राज्य अमेरिकाले रुसप्रति चालेको पहिलो ठोस कदममा ह्वाइट हाउसले ‘रुसी कृषि र मल निर्यातका लागि ‘विश्व बजारमा पहुँच पुनस्थापना गर्न मद्दत गर्ने’ बताएको छ । संयुक्त राज्य अमेरिकाले रूसी कृषिमा प्रत्यक्ष रूपमा प्रतिबन्ध लगाएको थिएन तर अन्तर्राष्ट्रिय लेनदेनको लागि प्रयोग गरिने भुक्तानी प्रणालीमा पहुँचलाई सीमित गरेको थियो।

यो मुद्दा रुसका लागि एउटा प्रमुख चर्चाको विषय बन्यो। रुसले विश्वका विकासशील मुलुकलाई अमेरिकी नीतिहरूले उच्च मूल्यमा योगदान पुर्याइरहेको बताएको थियो । मस्कोले रुसी कृषि बैङ्क र खाद्यान्नको अन्तर्राष्ट्रिय व्यापारमा संलग्न अन्य वित्तीय संस्थाहरूमाथि लगाइएको प्रतिबन्ध फुकुवा भएपछि र सरल अन्तर्राष्ट्रिय भुक्तानी प्रणालीमा पुनः जोडिएपछि मात्र यो सम्झौता लागू हुने बताएको छ । जेलेन्स्कीले अमेरिकी निर्णयबारे आफूलाई पूर्ण जानकारी नभएको बताउँदै चिन्ता व्यक्त गरेका छन् । उनले भने, ‘यो स्थिति कमजोर हुनु र प्रतिबन्धहरू कमजोर हुनु हा भन्ने हामी विश्वास गर्छौं ।’

वार्तामा सहभागी युक्रेनका रक्षामन्त्री रुस्तम उमरोभले काला सागर सम्झौताका बारेमा विस्तृत अध्ययन भइरहेको बताएका थिए । उनले यदि रुसी युद्धपोतहरू ब्ल्याक सीको पूर्वी भागबाट हटेमा युक्रेनलाई आत्मरक्षाको अधिकार प्रयोग गर्ने पूर्ण अधिकार हुने बताए । युक्रेनले यसै महिनाको सुरुमा अमेरिकाले प्रस्ताव गरेको बिनाशर्त युद्धविरामका लागि सहमति जनाएको थियो, तर रुसले यसलाई अस्वीकार गरेको थियो।

**‘नेपोलियन र हिटलर’**

रुसी विदेशमन्त्री सर्गेइ लाभरोभले मस्को व्यापक युद्धविरामका लागि सहमत हुन नजिक पुगेको र काला सागरमा पानीजहाज लाई प्राथमिकता दिएको कुनै सङ्केत दिएनन् ।संयुक्त राष्ट्रसंघको मध्यस्थतामा भएको यसअघिको सम्झौताले युक्रेनको बन्दरगाहबाट लाखौँ टन खाद्यान्न र अन्य खाद्यान्न निर्यात सुरक्षित रूपमा पठाउन अनुमति दिएको थियो, तर रुसले यो आफ्नो व्यापारका लागि फाइदाजनक नभएको गुनासो गरेको थियो । अमेरिकाले कृषि निर्यातको घोषणा गर्नुअघि लाभरोभले पश्चिमा देशहरूले ’नेपोलियन र हिटलर’ले जस्तै रुसलाई ‘नियन्त्रण’ गर्न खोजेको आरोप लगाएका थिए। जेलेन्स्कीले कुन कुन देशले आफ्नो देशमा शान्ति सैनिक पठाएर सम्भावित युद्धविराम सम्झौताको निरीक्षणका लागि सेना परिचालन गर्न सक्छन् भन्ने पेरिसमा हुन लागेको शिखर सम्मेलनबाट आफूले स्पष्ट हुने अपेक्षा गरेको बताएका छन् । साउदी अरबमा वार्ता भइरहेको समय रुस र युक्रेन दुवैले जमिनमा आक्रमण बढाइरहेको दाबी गरेका छन् । युक्रेनले आफ्नोे हवाई प्रतिरक्षा एकाइले मङ्गलबार रुसले प्रक्षेपण गरेका १ सय ३९ मध्ये ७८ वटा ड्रोन खसालेको बताएको छ ।युक्रेनको उत्तरपूर्वी शहर सुमीमा एक दिनअघि एक आवासीय क्षेत्रमा रुसी आक्रमणमा परी २३ बालबालिकासहित मृत्यु हुनेको संख्या १ सय १ पुगेको र एक वयस्क र एक बालकको अवस्था गम्भीर रहेको अधिकारीहरूले बताएका छन् । रुसले महिनौँदेखि युद्धमोर्चाका केही क्षेत्रमा प्रगति गरेको छ र मङ्गलबार दक्षिणी र पूर्वी युक्रेनका थप दुई गाउँकब्जा गरेको दाबी गरेको छ । एएफपी

# २०३० सम्ममा छ लाख मेट्रिक टन कोक प्लास्टिक फोहोर जलमार्गमा

सन् २०३० सम्म कोका–कोलाका उत्पादनहरूले प्रत्येक वर्ष विश्वको महासागर र जल क्षेत्रमा अनुमानित १.३३ अर्ब पाउन्ड (छ लाख दुई हजार मेट्रिक टन) प्लास्टिकजन्य फोहर प्रवेश गर्ने देखिएको एक गैरनाफामूलक संस्था ओसियानाद्वारा बुधबार सार्वजनिक विश्लेषणात्मक अध्ययनले देखाएको छ । यो एक करोड ८० लाख ह्वेलको पेट भर्न पर्याप्त हुने प्लास्टिक हो । वैज्ञानिकहरूले क्यान्सर, बाँझोपन, मुटुरोग र अन्य रोगसँग जोडेका माइक्रोप्लास्टिक्स (प्लास्टिकका साना कण)को फैलावटले निम्त्याएको मानव स्वास्थ्य जोखिमबारे बढ्दो चिन्ताका बीच यो रिपोर्ट आएको हो।

‘कोका–कोला विश्वमा पेय पदार्थको सबैभन्दा ठूलो उत्पादक र बिक्रेता हो यसकारण समुद्रको प्रदूषणको चर्चा गर्दा यसको प्रभावबारे छलफल गरिनु वास्तवमा महत्त्वपूर्ण बिषय हुनेछ,’ कर्पोरेट प्रदूषकहरूलाई लक्षित गरी ओसियानाको अभियानको नेतृत्व गरेका म्याट लिटलजोनले भने । सन् २०२४ मा साइन्स एड्भान्समा प्रकाशित एक अध्ययनअनुसार विश्वको शीर्ष ब्रान्डेड प्लास्टिक प्रदूषकको रूपमा कोका–कोला रहेको छ भने त्यसपछि पेप्सीकोला, नेस्ले, डानोन र अल्ट्रिया छन् । ओसियानाको अनुमान सन् २०१८ देखि २०२३ सम्मको कोका–कोलाको सार्वजनिक रूपमा रिपोर्ट गरिएको प्याकेजिङ डाटामा आधारित छ र योे बिक्री वृद्धिको पूर्वानुमानसँग मिलेर ‘व्यवसाय–जस्तै–सामान्य’ परिदृश्य सिर्जना गर्दछ । परिणामः कम्पनीको प्लास्टिक प्रयोग २०३० सम्ममा वार्षिक ४.१३ मिलियन मेट्रिक टन (९.१२ बिलियन पाउन्ड) भन्दा बढी हुने अनुमान गरिएको छ।

प्लास्टिकको कति भाग जलीय पारिस्थितिक प्रणालीमा पुग्नेछ भन्ने अनुमान गर्न अनुसन्धानकर्ताले वैज्ञानिकहरूको अन्तर्राष्ट्रिय टोलीले विकास गरेको र सहकर्मी–समीक्षा विधि प्रयोग गरी सन् २०२० मा एकेडेमिक जर्नल साइन्समा प्रकाशित १.३३ अर्ब पाउन्डको अनुमान गरेका थिए । यो लगभग २२० अर्ब आधा लिटर बोतल बराबर हो । ओसियानाले यो आश्चर्यजनक आकृति कम गर्न स्पष्ट समाधानका रूपमा पुनः प्रयोज्य प्याकेजिङ सामान फिर्ता ल्याउनु नै रहेको ठहर गर्छ । ती चाहे पुनः प्रयोग गर्न सकिने ग्लास बोतल होस् या प्लाष्टिक बोतल । सामान्यतया ग्लास बोतललाई ५० पटक पुनः प्रयोग गर्न सकिन्छ भने मोटा पेट प्लास्टिक कन्टेनर (बोतल)लाई पुनः २५ पटक प्रयोग गर्नसकिने गरी बनाइएको हुन्छ।

पुनः उपयोग प्रतिज्ञाबाट टाढा हुँदै

कोका–कोला स्वयंले सन् २०२२ मा पुनः प्रयोज्य प्याकेजिङ ‘फोहर कम गर्ने सबैभन्दा प्रभावकारी तरिकाहरूमध्ये एक’ भएको स्वीकार गरेको थियो र सन् २०३० सम्ममा २५ प्रतिशत पुनः प्रयोग योग्य प्याकेजिङ पुर्याउने लक्ष्यमा प्रतिबद्ध थियो । डिसेम्बर २०२४ मा जारी गरिएको यसको नवीनतम स्थिरतासम्बन्धी मार्गदर्शनमा त्यो प्रतिज्ञालाई सुटुक्क हटाइएको छ । कम्पनीको अद्यावधिक लक्ष्यहरूमा पुनः प्रयोज्य प्याकेजिङको सट्टा पुनःनवीनीकरण सामग्रीको प्रयोग र सङ्कलन दरहरू बढाउनमा ध्यान केन्द्रित गरेको छ । यसले सोडा बोतलहरूको पुनः प्रयोग वा प्रशोधन र उपभोक्ताको बानी परिवर्तन महत्त्वपूर्ण चुनौती भएकोतर्फ जोड दिएको छ।

पर्यावरणीय पक्षधरहरूले यसले प्रायः संकटको जडलाई सम्बोधन गर्नुको सट्टा उपभोक्ताहरूलाई दोष दिने काम गरेको भन्दै लामो समयदेखि पुनः प्रयोग वा प्रशोधनमा अति निर्भरताविरुद्ध चेतावनी दिँदै आएका छन् । ‘पुन प्रयोग गर्ने तरिका राम्रो हो, मलाई गलत नठान्नुहोस्,’ लिटलजोनले भने, ‘तर यदि तपाईं अधिक एकल–प्रयोग प्लास्टिक उत्पादन गर्ने र पुनः नवीनीकरणमा प्लास्टिक प्रयोग गर्न जाँदै हुनुहुन्छ भने यो एक समस्या हो ।’ प्लास्टिक उत्पादन तेलमा निर्भर गर्दछ र यसले कर्पोरेट प्लास्टिक प्रयोगलाई जलवायु परिवर्तनको प्रत्यक्ष चालक बनाउँदछ । तैपनि, आशा गर्न लायक कारण के छ भने कोका–कोलाले ब्राजिल, जर्मनी, नाइजेरिया र दक्षिणी टेक्सासजस्ता संयुक्त राज्य अमेरिकाका केही भागहरूमा समेत ठूलो मात्रामा रिफिलेबल प्रणालीहरू सञ्चालन गरिसकेको छ।

‘तिनीहरूसँग कुनै पनि पेय कम्पनीको सबैभन्दा ठूलो पुनः प्रयोज्य पूर्वाधार छ, र उनीहरूसँग यसलाई बढाउन र बाँकी उद्योगको लागि बाटो देखाउने क्षमता छ,’ लिटलजोनले भने । कोका–कोलाका प्रवक्ताले एएफपीसँगको कुराकानीमा भने, ‘कम्पनीको प्रयास हाल अधिक रिसाइकल गरिएका सामग्रीहरू प्रयोग गर्न र सङ्कलन प्रणालीमा सुधार गर्नमा केन्द्रित छ । हामी लगानी गरिरहेका छौँ र हाम्रो पुनः भर्ने प्याकेजिङ विकल्पहरू विस्तार गर्न प्रतिबद्ध छौँ र यो काम हाम्रो उपभोक्ता केन्द्रित रणनीतिको भागको रूपमा जारी रहनेछ।’

# डेढ क्वीन्टल गाँजासहित चार पक्राउ

**मधेशदृष्टि**
**बारा ।**
प्रतिबन्धित लागू औषध गाँजासहित चार जना भरिया पक्राउ परेका छन् । पक्राउ पर्नेमा जीतपुरसिमरा उपमहानगरपालिका वडा नम्बर २२ चकरीका ४२ वर्षीय बुद्ध घलान, वडा नम्बर ८ का ३६ वर्षीय नन्दकिशोर सहनी, २८ वर्षीय वीर बहादुर रुम्बा र मकवानपुर, हेटौँडा उपमहानगरपालिका वडा नम्बर १५ रातोमाटेका २७ वर्षीय सोमलाल पाख्रिन छन् । जीतपुरसिमरा उपमहानगरपालिका वडा नम्बर ४ औराहास्थित दुधौरा खोलामा टाउकोमा गाँजाको भारी बोकेर रतनपुरबाट बकुलिया जाँदै गरेका उनीहरुलाई प्रहरीले पक्राउ गरेको हो । इलाका प्रहरी कार्यालय सिमराका प्रहरी सहायक निरीक्षक प्रदीप प्रसाद पाण्डे र लागूऔषध नियन्त्रण ब्युरो शाखा वीरगंजबाट खटिएको संयुक्त टोलीले उनीहरुलाई ६ वटा बोरामा रहेको १ क्वीन्टल ५० किलोग्राम गाँजासहित नियन्त्रणमा लिएको जिल्ला प्रहरी कार्यालय बाराले जनाएको छ । गाँजासहित पक्राउ परेका चारै जनालाई इलाका प्रहरी कार्यालय सिमराको हिरासतमा राखेर थप अनुसन्धान भइरहेको जिल्ला प्रहरी कार्यालय बाराका प्रवक्ता एवम् प्रहरी नायब उपरीक्षक विजयराज पण्डितले जानकारी दिए ।

# ४७ औँ नेत्र ज्योति दिवस मनाइयो

**मधेशदृष्टि**
**वीरगंज ।**
वीरगंजमा ४७ औँ नेत्र ज्योति दिवस मनाइएको छ । 'हाम्रो कर्तव्य, हाम्रो जिम्मेवारी आँखा सेवामा साझेदारी' नाराका साथ मनाइने दिवसका अवसरमा जिल्ला प्रहरी कार्यालय पर्सामा निःशुल्क आँखा परीक्षण शिविर भएको छ ।
नेपाल नेत्र ज्योति संघ पर्साका सभापति भगवती चौधरीको अध्यक्षतामा सम्पन्न शिविर केन्द्रीय वरिष्ठ उपाध्यक्ष श्यामकुमार पोखरेल र पर्साका प्रहरी उपरीक्षक गौतम मिश्रले आँखा परीक्षण गराएर उद्घाटन गरेका थिए । जनताको सेवा र सुरक्षामा खटिएर नागरिकलाई सुरक्षाको प्रत्याभूति दिलाउने सुरक्षाकर्मीलाई लक्षित गरेर शिविर गरिएको संघका सभापति भगवती चौधरीले बताइन् । कार्यक्रममा विभिन्न शाखाका प्रहरीलगायत हिरासतमा रहेका ३२ कैदी र ८ महिला प्रहरीसहित १ सय ६८ जनाको आँखा परीक्षण गरिएको संघका पर्सा जिल्ला सदस्य राजन श्रीवास्तले जानकारी दिए । कार्यक्रममा संघका मधेश प्रदेश उपाध्यक्ष उमेश गुप्ता, निवर्तमान सभापति मधु राणा, सचिव सिताराम उपाध्याय, मानवसेवा आश्रमका देवेश गुप्तालगायतको उपस्थिति थियो । चेकजाँच गराउँदा आवश्यक पर्नेलाई रामकुमार महावीर प्रसाद केडिया आँखा अस्पतालद्वारा चस्मा र आवश्यक औषधीसमेत वितरण गरिएको थियो ।



**परिचयपत्र बनाउन पालो कुर्दै सेवाग्राही:** जिल्ला प्रशासन कार्यालय महोत्तरीमा बुधबार राष्ट्रिय परिचयपत्र बनाउन पालो कुर्दै सेवाग्राही । तस्बिरः सङ्गीतकुमार मण्डल

# भारतीय कुखुरा बरामद

**मधेशदृष्टि**
**वीरगंज ।**
सशस्त्र प्रहरीले जिराभवानी गाउँपालिकाबाट ठूलो परिमाणको भारतीय कुखुरा बरामद गरेको छ ।
सशस्त्र प्रहरी बोर्डर आउटपोष्ट महादेवपट्टीबाट सशस्त्र प्रहरी निरीक्षक नरेन्द्रसिंह विष्टको नेतृत्वमा गएको टोलीले जिराभवानी गाउँपालिका वडा नम्बर–२ बसन्तपुरबाट ना३८प ३१५८ नम्बर प्लेटको मोटरसाइकल र ८० किलो भारतीय कुखुरा नियन्त्रणमा लिएको हो । बरामख कुखुरा जिराभवानी वडा नम्बर–२ का वडा अध्यक्ष महादेव महतो थारु, पर्सा ग्रामीण कुखुरा व्यावसायी संघका सदस्य जितेन्द्र यादव, स्थानीय पशु क्वारेन्टाइन र स्थानीय सञ्चारकर्मीको रोहवरमा नष्ट गरिएको र मोटरसाइकललाई वीरगंज भन्सारमा पठाइएको सशस्त्र प्रहरी बल १३ नम्बर गण हेडक्वार्टर पर्साका प्रवक्ता सशस्त्र प्रहरी नायब उपरीक्षक नरेन्द्र सिंह धामीले बताए ।

# एलनलाई रवीन्द्र सम्मान

**मधेशदृष्टि**
**जनकपुरधाम ।**
मधेशदृष्टि दैनिकका सम्पादक रामकुमार एलनलाई भारतका रवीन्द्र सम्मान प्रदान गरिएको छ । मध्यमार्ग कवि महल तथा कृस्टिपथर कोलकाता, पश्चिम बंगालले 'वर्ल्ड पोइट्री डे सेलिब्रेसन'को अवसरमा समाजसेवा, पत्रकारिता र साहित्यमार्फत सक्रिय एलनलाई रवीन्द्र सम्मान प्रदान गरेको हो । मध्यग्राम कवि महलका अध्यक्ष अशोक कुमार चक्रवर्तीको अध्यक्षतामा कार्यक्रम भएको हो ।
कार्यक्रममा कृषि पथर असमका प्रमुख सचिव महानन्द सरकार दत्त, ग्लोबल ह्युमन राइट्स प्रोटेक्सनका राष्ट्रिय अध्यक्ष डा. ओ वीरामणि सिहं, शैलीपथका सचिव डा. मुकुल चक्रवर्तीलगायतको सहभागिता थियो । कार्यक्रममा मधेशदृष्टिकै सहकर्मी मिश्रीलाल मधुकर र मनोज माझीलाई पनि सम्मान गरिएको थियो ।

# महानगरको कर संकलनमा उत्साहजनक प्रगति

**मधेशदृष्टि**
**वीरगंज ।**
वीरगंज महानगरमालिकाले चालु आर्थिक वर्षको आठ महिनामा ३३ करोड ५६ लाख ८७ हजार ७ सय ७८ रुपैयाँ राजस्व संकलन गरेको छ ।
महानगरले गत आर्थिक वर्षको सोही अवधिको तुलनामा ३६ लाख ४१ हजार १ सय ६१ रुपैयाँ बढी राजस्व संकलन गरेको हो ।
वीरगंज महानगरपालिका राजस्व महाशाखा प्रमुख मनोज कर्णले चालु आर्थिक वर्षको साउनदेखि फागुनसम्म आठ महिनामा वार्षिक लक्ष्यको ४० प्रतिशतको हाराहारीमा राजस्व सङ्कलन भएको जानकारी दिए ।
आठ महिनामा महानगरले सम्पत्ति करबापत १२ करोड ११ लाख ९७ हजार रुपैयाँ र पूर्वाधार सेवाको कर उपभोगमा लाग्ने करबापत एक करोड ६८ लाख रुपैयाँ संकलन गरेको छ ।

# सिडिओपछि एसपी हेडक्वार्टर तानिए

मधेशदृष्टि
सिरहा ।
सिरहाका प्रहरी प्रमुख प्रहरी उपरीक्षक रमेश पण्डित हेडक्वार्टर तानिएका छन् । प्रहरी प्रधान कार्यालयले पण्डितलाई मंगलबार हेडक्वार्टर तानेको हो । सिरहामा नयाँ प्रहरी प्रमुखका रूपमा प्रहरी उपरीक्षक अनन्तराज शर्मालाई पठाइएको गृहमन्त्री रमेश लेखकको सचिवालय स्रोतले जनायो । सिरहाको औरहीमा महायज्ञका नाममा दलित परिवारमाथि ज्यादति भएको घटनामा प्रशासनको आलोचना भएपछि अघिल्लो शुक्रबार सिरहाका तत्कालीन प्रमुख जिल्ला अधिकारी बासुदेव दाहाल पनि गृह मन्त्रालय तानिएका थिए ।

# १५ वर्षपछि परिवारसँग भेट



**मधेशदृष्टि**
**वीरगंज ।**
मानवसेवा आश्रमले १५ वर्ष परिवारसँग छुट्टिएकी ८० वर्षीया वृद्धालाई पारिवारिक मिलन गराइदिएको छ । २०७४ मंसिर १ गते वीरगंजको वीर्ता मन्दिरदेखि नारायणी अस्पतालबीच सडकमा मानसिक अवस्था कमजोर रहेको, हात र दाहिने खुट्टाको घाउमा संक्रमण भएर अलपत्र अवस्थामा भेटिएका आलिया बिबी नाम बताउने अन्दाजी ८० वर्षीयाको मानवसेवा आश्रमले उद्धार गरेको थियो ।
उनलाई झण्डै ७ वर्ष आश्रममा राखेर औषधीउपचार तथा स्याहारसुसार गरिएको थियो । उनको ठेगाना पत्ता लगाएर बुधबार परिवारसँग पुनर्मिलन गराइएको मानवसेवा आश्रम वीरगंजका संस्थापक देवेश गुप्ताले बताए । परिवारका अनुसार बिगत १५ वर्षदेखि उनी परिवारसँग सम्पर्कविहीन थिइन् ।
भारतका कैयौँ राज्यमा खोज्दा पनि नभेटिएपछि परिवारले भेटिने आशा मारिसकेका थिए । बुधबार ८० वर्षीया वृद्धाका भाई सफ्रुदीन मलिक, भतिज मुस्ताक, विप्लव मलिक, भाञ्जा सहजन अली खान, भाइबुहारी गुन्डी बिबीसहित परिवारबाट ५ जना आएर जिम्मा लगाइएको गुप्ताले बताए ।
आश्रमका केन्द्रीय सदस्यसमेत रहेका गुप्ताका अनुसार उनीहरुले अत्यन्तै खुशी भएर उनलाई भारतको पश्चिम बंगाल राज्यको जिल्ला पूर्वमेदनीपुर, गाउँ पूर्वराधापुर, थाना भगवानपुर लिएर गएका छन् ।

# नगरपालिकाले बुझायो सिँचाई मिटरको महसुल

**मधेशदृष्टि**
**सप्तरी ।**
खडक नगरपालिकाले स्थानीय किसानको सिँचाइ मिटरको बक्यौता महसुल नेपाल विद्युत् प्राधिकरण बोदेबर्साइन वितरण केन्द्रलाई बुझाएको छ । खडक नगरपालिकाले दोस्रो पटक किसानको सिँचाइ मिटरबापतको बक्यौता महसुल बुझाएको हो ।
नगरपालिकामा रहेका सम्पूर्ण किसानको सिँचाइ मिटरबापतको १२ लाख रुपैयाँ बक्यौता महसुल चेकमार्फत बुझाइएको नेपाल विद्युत् प्राधिकरण बोदेबर्साइन वितरण केन्द्र प्रमुख संयोग विश्वकर्माले जानकारी दिए । यसअघि पनि नगरपालिकाले सिँचाइ मिटरबापतको ७ लाख ३३ हजार ७ सय ५ रुपैयाँ बक्यौता बुझाएको थियो ।
आगामी दिनमा पनि नगरपालिकाले नै सिँचाइ मिटरबापतको बक्यौता भुक्तानी गर्ने भएकाले किसानमा उत्साह बढाएको छ ।

# नौदिने राम चरित मानस ज्ञान यज्ञ सम्पन्न

**मिश्रीलाल मधुकर**
**जनकपुरधाम ।**
बापा जलाराम सत्संग मण्डल अहमदाबाद, भारतले आयोजना गरेको नौदिने राम चरित मानस ज्ञान यज्ञ मंगलबार समापन भएको छ । यज्ञ १७ मार्चमा शुरु भएको थियो ।
सत्यप्रकाश स्वामीद्वारा गुजराती भाषामा राम चरित मानस कथाको प्रवचन गरिएको थियो भने गुजरातका १ हजार १ सय भक्तजन, स्थानीय नागरिक तथा जनकपुरधामका सन्तले प्रवचन तालमा नुहाउने गरेका थिए । दश दिनसम्म कलवार सेवा समितिको आँगन मिनी गुजरात बनेको थियो । गुजराती भाषा, गुजराती परिकार र पहिरन जनकपुरबासीको आकर्षणको केन्द्र बनेको छ । समापन समारोहमा जनकपुरधाम नगरपालिका र नरेन्द्र मोदी विचार मञ्चले राम चरित मानस ज्ञान यज्ञका संयोजक रमेश भाइ पटेल, स्वामी सत्यप्रकाश



(बारताल), पूर्व मेयर तथा भाजपा नेतृ रक्षा वेन बहनलगायत विशिष्ट व्यक्तिलाई अंगवस्त्र र जानकी मन्दिरको तस्बिर प्रदान गरी सम्मान गरेको थियो । त्यस्तै, वृक्ष मानव सुरेश शर्माले बापा जलाराम सत्संग मण्डललाई एक हजार रुद्राक्ष र एक दर्जन शिवलिङ्गका बिरुवा रमेश भाई पटेलमार्फत हस्तान्तरण गरेका छन् । बापा जलाराम सत्संग मण्डल अहमदाबादले विश्व हिन्दू परिषद नेपालका उपाध्यक्ष रघुनाथ साह, योग गुरु मनोहर साह, नगरपालिकाका पदाधिकारी गणेश यादव, बिमलकुमार साह, प्रभुदयाल जालानलगायतलाई सम्मान गरेको छ । महेश भाइ पटेलले अयोध्यापछि माता सीताको नगरी जनकपुरधाममा राम चरित मानस ज्ञान यज्ञ आयोजना गर्न पाउँदा गर्व लागेको बताए । उनले विवाह पञ्चमीका अवसरमा आयोजना हुने सामूहिक विवाहका लागि बापा जलाराम सत्संग मण्डल अहमदाबादले एक जोडीको विवाहका लागि ५१ हजार रुपैयाँ दिने घोषणा गरे । उनले आगामी वर्ष रामेश्वरमा रामचरित मानस ज्ञान यज्ञ आयोजना गरिने बताए ।


## कर्जा चूक्ता गर्न आउने बारेको पुण:१५ दिने अत्यन्त जरुरी सूचना

यस कर्पोरेट डेभलपमेन्ट बैंक लिमिटेडको तपसिलमा उल्लेखित ऋणीहरुले यस बैंकबाट उपभोग गरेको विभिन्न शिर्षकका कर्जाहरु लिंदा गरिदिएको लिखत र ऋण स्वीकृति पत्रको शर्तमा तोकिए अनुसार समय समयमा बुझाउनु पर्ने सांवा, ब्याज आदि नतिरी नबुझाई ऋण लिंदा गरेको शर्त, कबुलियत उल्लंघन गरेको र बैंकले मौखिक एवं लिखित रुपमा पटक पटक तरतागेता गर्दा तथा मिति ०१/११/२०८१ को मधेशदृष्टि राष्ट्रिय दैनिक पत्रिकामा ३५ दिने सूचना जारी गर्दा समेत सो कर्जाको तिर्नु पर्ने सम्पूर्ण सांवा, ब्याज तथा हर्जाना ब्याज समेत चुक्ता भुक्तान नगरेको हुंदा पूण:यो १५ दिने सूचना प्रकाशित गरिएको छ । यो समय भित्रमा कर्जाको सम्पूर्ण सांवा, ब्याज ,हर्जाना ब्याज तथा अन्य दै-दस्तुर समेत चुक्ता भुक्तान गर्नुहुन पूण:यो १५ दिने सुचना प्रकाशित गरिएको छ । अन्यथा उल्लेखित मिति भित्रमा बुझाउनू पर्ने सम्पूर्ण कर्जा सांवा, ब्याज तथा हर्जाना ब्याज समेत भुक्तान नगरेमा यस बैंकलाई कर्जाको सुरक्षण वापत लेखिदिएको तपसिल बमोजिमको चल/अचल सम्पति बैंक तथा वित्तिय संस्था सम्बन्धि ऐन २०७३,नेपाल राष्ट्र बैङ्क तथा वित्तिय संस्थालाइ जारी गरीएको एकीकृत निर्देशन तथा सोको प्रतिस्थापनामा आउने निर्देशन,परिपत्रहरु, बैङ्कको कर्जा असुलि निति तथा अन्य सम्बद्ध ऐन कानूनले दिएको अधिकार प्रयोग गरी धित्तोमा रहेको चल अचल सम्पति जहां जे जस्तो अवस्थामा छ सोही अवस्थामा लिलाम बिक्री गरि वा अन्य व्यवस्था गरि बैंकको सांवा, ब्याज, हर्जाना लगायत असुली कारवाहीको सिलसिलामा भएका अन्य खर्चहरु समेत असुल उपर गरी लिने तथा लेना रकम असुल उपर नभएको खण्डमा तपाई ऋणीहरु तथा धन जमानी दिनेको घर घराना/चल अचल सम्पतिबाट असुल उपर गरिनुका साथै प्रचलित नियम कानुन बमोजिम तपाई ऋणी तथा जमानीकर्तालाई कालो सूचिमा राख्न सिफारिश गर्ने व्यहोरा समेत ऋणी, जमानीकर्ताहरु तथा सम्बन्धित सबैलाई जानकारी गराईन्छ ।

**ऋणीको नाम र ठेगाना**

१) स्व.रामराज राउत अहिरको नाती, शम्भु राउतको छोरा , विरगंज उ.म.न.पा वडा नं २० पर्सा बस्ने (ना.प्र.न. ३४-०१-७३-०४४२४, जारी मिति २०७३/०४/०२.जि.प्र.का. ,पर्सा) बर्ष **३४ को भन्नु प्रसाद यादव ।**

२)स्व. रामराज राउत अहिरको बुहारी, शम्भु राउतको पत्नि, हाल विरगंज उ.म.न.पा वडा नं २० पर्सा बस्ने (ना.प्र.न. ३४-०१-७३-०४४२० जारी मिति २०७३/०४/०२.जि.प्र.का. पर्सा) बर्ष **५३ की शिव कुवरी देवी ।**

३) शम्भु राउतको बुहारी, भन्नु प्रसाद यादवको पत्नि सोनवर्षा, विरगंज म.न.पा वडा नं १७ ,पर्सा बस्ने (ना.प्र.न. ३४-०१-७५-०६६८४ ,जारी मिति २०७५/०६/०५.जि.प्र.का. ,पर्सा) बर्ष **३३ की प्रतिमा देवी ।**

**कर्जाको सुरक्षण विवरण**

१) स्व. रामराज राउत अहिरको बुहारी, शम्भु राउतको पत्नि विरगंज उ.म.न.पा वडा नं २० ,पर्सा बस्ने (ना.प्र.न. ३४-०१-७३-०४४२० जारी मिति २०७३/०४/०२.जि.प्र.का. पर्सा) बर्ष **५३ की शिव कुवरी देवी** की नाममा दर्ता कायम रहेको जिल्ला पर्सा, सुगौली दा.पु वार्ड.नं. ८ रहेको कित्ता नं.२३३ को जम्मा क्षेत्रफल **८४८.०० व.मि. को** घरजग्गा।

२) शम्भु राउतको बुहारी, भन्नु प्रसाद यादवको पत्नि हाल विरगंज म.न.पा वडा नं १७ ,पर्सा बस्ने (ना.प्र.न. ३४-०१-७५-०६६८४ जारी मिति २०७५/०६/०५.जि.प्र.का. पर्सा) बर्ष **३३ की प्रतिमा देवी की** नाममा दर्ता कायम रहेको जिल्ला पर्सा, वीरगंज वार्ड नं. १० को कित्ता नं ६९ को जम्मा क्षेत्रफल **१२७.१० व.मि.को** घरजग्गा ।

**व्यक्तिगत जमानीकर्ताहरु :**

१)स्व. लालजी राउत अहिरको नाती ,स्व. रामराज राउत अहिरको छोरा, अलौ गा.वि.स वार्ड.नं.९ पर्सा (हाल विरगंज उप.मा.न.पा वडा नं २० ,पर्सा) बस्ने (ना.प्र.न. ००५६२५०६ ,जारी मिति २०४५/०१/१३ जि.प्र.का., पर्सा) बर्ष **५६ को शम्भु राउत ।**

२)स्व. रामराज राउत अहिरको नाती, शम्भु राउतको छोरा , विरगंज उ.म.न.पा वडा नं २० पर्सा बस्ने (ना.प्र.न. ३४-०१-७३-०४४२४, जारी मिति २०७३/०४/०२.जि.प्र.का. ,पर्सा) बर्ष **३४ को भन्नु प्रसाद यादव ।**

३)स्व. रामराज राउत अहिरको बुहारी, शम्भु राउतको पत्नि, हाल विरगंज उ.म.न.पा वडा नं २० पर्सा बस्ने (ना.प्र.न. ३४-०१-७३-०४४२० जारी मिति २०७३/०४/०२.जि.प्र.का. पर्सा) बर्ष **५३ की शिव कुवरी देवी ।**

४) शम्भु राउतको बुहारी, भन्नु प्रसाद यादवको पत्नि सोनवर्षा, विरगंज म.न.पा वडा नं १७ ,पर्सा बस्ने (ना.प्र.न. ३४-०१-७५-०६६८४ ,जारी मिति २०७५/०६/०५.जि.प्र.का. ,पर्सा) बर्ष **३३ की प्रतिमा देवी ।**

**नोट : ऋणी तथा जमानतकर्ता बाहेकका सूचनामा उल्लेखित अन्य व्यक्तिहरुको नाम ऋणी तथा जमानतकर्ताको परिचय खुलाउने प्रयोजनका लागि मात्र प्रयोग गरिएको ।**

Corporate Development Bank Ltd.
कर्पोरेट डेभलपमेन्ट बैंक लि.
first choice - financial friend
नेपाल राष्ट्र बैंकबाट ख वर्गको ईजाजत पत्र प्राप्त वित्तिय संस्था

**प्रधान कार्यालय:**
**गीता मन्दिर रोड, वीरगंज,पर्सा**
**फोन नं. ०५१-५३१०३१**
शाखा कार्यालय: बसपार्क (बाईपास) बिरगंज
ड्राईपोर्ट, श्रीसिया, बिरगंज ।
टेडारोड, चोर्नी, (जीतपुर) ।

# वीरगंजमा पहिलोपटक थ्रोम्बोलाइसिसबाट पक्षघातको उपचार

**मधेशदृष्टि**
**वीरगंज ।**

वीरगंजस्थित वीरगंज न्युरो एण्ड जनरल अस्पतालमा थ्रोम्बोलाइसिस प्रविधिबाट इस्केमिक स्ट्रोक (पक्षघात) को उपचार शुरू भएको छ । अस्पतालका प्रमुख श्यामबाबु प्रसादले थ्रोम्बोलाइसिस प्रक्रियाबाट इस्केमिक स्ट्रोकको उपचार शुरू भएको जानकारी दिएका हुन् । यो प्रविधिबाट उपचार हुनु मधेश प्रदेशमा स्वास्थ्य क्षेत्रका लागि ठूलो उपलब्धी भएको उनले दाबी गरे । प्रसादले वीरगंज न्युरो एण्ड जनरल अस्पतालमा हालसम्म तीन जना बिरामीलाई थ्रोम्बोलाइसिस प्रक्रियाबाट सफलतापूर्वक उपचार गरिसकेको स्पष्ट पारे । यसअघि थ्रोम्बोलाइसिस प्रक्रियाबाट इस्केमिक स्ट्रोकको उपचार वीरगंजमा नभएको बताउँदै चिकित्सा क्षेत्रका लागि एउटा ठूलो कदम भएको उनको भनाइ छ ।

थ्रोम्बोलाइसिस एउटा यस्तो चिकित्सा प्रविधि हो, जसमा मस्तिष्कमा रक्तसञ्चार बन्द गर्ने रगतको डल्लो (मस्तिष्कमा जमेको रगत) हटाउन अथवा पगाल्न औषधी प्रयोग गरिन्छ । थ्रोम्बोलाइसिस इस्केमिक स्ट्रोकको उपचारका लागि अति नै प्रभावकारी मानिन्छ । मस्तिष्कमा रगत पु¥याउने धमनीमा अवरोध भएपछि इस्केमिक स्ट्रोक हुने गरेको उनले बताए ।

प्रसादले थ्रोम्बोलाइसिस उपचारका लागि बिरामीले लक्षण देखिएको साढे चार घण्टाभित्र अस्पताल पुग्नुपर्ने बताएका छन् । स्ट्रोकका लक्षणः अचानक कमजोरी, बोल्न गाह्रो हुने वा अनुहार बाङ्गिनेजस्तो लक्षण देखिएमा तुरुन्त अस्पतालमा आउन उनले आग्रह गरे । अन्य प्रविधिबाट उपचारको तुलनामा थ्रोम्बोलाइसिस विधि छिटो र सस्तो भएकाले उनले बताए । ‘हामीले उन्नत उपचारलाई सिंगो प्रदेशका बिरामीका लागि सस्तो र पहुँचयोग्य बनाउन खोजेका छौँ,’ डाक्टर प्रसादले भने । उनले थ्रोम्बोलाइसिस प्रक्रियाबारे विस्तृत जानकारी दिँदै उपचारमा रगतको डल्लो हटाउने, पगाल्ने, औषधी अल्टेप्लेस वा अन्य विकल्प बिरामीको रगतमा इन्जेक्सनमार्फत दिइने बताए । थ्रोम्बोलाइसिस प्रक्रियाबाट बिरामीको उपचार गर्नुपूर्व विभिन्न जाँच आवश्यक रहेको समेत जानकारी दिए ।

उनले उपचारको सम्भावित जोखिमबारे पनि चर्चा गर्दै यसमा विशेष गरी मस्तिष्कमा रक्तस्राव हुने खतरा हुन सक्ने उनले बताए । साथै, हेमोरेजिक स्ट्रोक (रक्तस्रावबाट हुने स्ट्रोक), हालै शल्यक्रिया गरेका बिरामी वा रक्तस्रावको जोखिम बढाउने औषधी खाइरहेका बिरामीका लागि थ्रोम्बोलाइसिस उपचार उपयुक्त नहुने उनले बताए । ‘बिरामीको सुरक्षा हाम्रो पहिलो प्राथमिकता हो,’ उनले भने । थ्रोम्बोलाइसिस प्रविधिबाट उपचार नेपाल सरकारबाट स्वीकृत भएको र विश्व स्वास्थ्य सङ्गठनले समेत मान्यता दिएको उनले जानकारी गराए । बजारमा उपलब्ध अन्य थ्रोम्बोलाइटिक औषधीको विकल्प पनि रहेको उनले उल्लेख गरे ।

वीरगंजमा थ्रोम्बोलाइसिस सुरुवातलाई यहाँको स्वास्थ्य क्षेत्रमा एउटा कोसेढुंगा मानिएको छ । इस्केमिक स्ट्रोक उपचारका लागि बिरामीलाई अब राजधानी काठमाडौँ अथवा भारतका ठूला शहर जानुपर्ने बाध्यता अन्त्य भएको प्रसादले दाबी गरे । तीन जना बिरामीको सफल उपचारबाट सुरुवात भएको बताउँदै अस्पतालको क्षमता विस्तार र थप कर्मचारीलाई तालिम दिने प्रसादले प्रतिबद्धता व्यक्त गरे । स्ट्रोक उपचारलाई अझ सुधार गर्न अन्तर्राष्ट्रिय चिकित्सा संस्थासँग सहकार्य गर्ने प्रयास जारी रहेको उनले जानकारी दिए ।

### इस्केमिक स्ट्रोक (लकवा) के हो ?

इस्केमिक स्ट्रोक एक प्रकारको पक्षघात वा लकवा मस्तिष्कमा रक्त प्रवाह अवरुद्ध भएर इस्केमिक स्ट्रोक हुन्छ । यो प्रायः रक्तनलीमा रगतको डल्लो बनेर वा कुनै अवरोधले गर्दा उत्पन्न हुन्छ, जसले मस्तिष्कको कुनै भागमा अक्सिजन र पोषण पुग्नबाट रोक्छ । अक्सिजन कमीले मस्तिष्कका कोशिका छिट्टै मर्न थाल्छन्, जसले समयमै उपचार नभएमा स्थायी क्षति वा मृत्युसम्म निम्त्याउन सक्छ । इस्केमिक स्ट्रोकका मुख्य कारणहरूमा मस्तिष्कको रक्तनलीमा डल्लो बन्नु (थ्रोम्बोसिस), शरीरको अन्य भागबाट डल्लो मस्तिष्कमा पुग्नु (एम्बोलिज्म), वा कोलेस्ट्रोल जमेर रक्तनली साँघुरिनु (एथेरोस्क्लेरोसिस) समावेश छन्।

यसका लक्षणहरूमा शरीरको एक भाग कमजोर हुनु वा पक्षाघात, बोल्न र बुझ्न गाह्रो हुनु, दृष्टिमा समस्या, टाउको दुख्नु, चक्कर लाग्नु र हिँड्न कठिनाइ हुन्छ । इस्केमिक स्ट्रोकको उपचारका लागि रगत पातलो बनाउने वा डल्लो हटाउने औषधी वा शल्यक्रियामार्फत् अवरोध हटाउने प्रक्रिया अपनाइन्छ ।

# बाटोको नाममा एकलौटी नोक्सानी हुने गरी जग्गा छाड्न दबाब



**मनोज माझी**
**राजविराज ।**

बाटो बिस्तारका नाममा आफूलाई मात्र हानीनोक्सानी हुने गरी जग्गा छाड्न अनावश्यक दबाब र दुःख दिन थालिएको भन्दै एक महिलाले न्यायका लागि आग्रह गरेकी छिन् । सप्तरीको डाक्नेश्वरी नगरपालिका–९,
पत्थरगाडास्थित महुकी बिचला टोलकी ४५ वर्षीया ललिता साहले यस्तो आग्रह गरेकी हुन् । बुधबार टोलमै सञ्चारकर्मीहरुसित आफ्ना कुरा राख्ने क्रममा उनले आफ्नो नम्बरी जग्गाबाट एकलौटी ढंगले बाटो निकाल्नका लागि छिमेकी सियाराम साह, देवकी साह, वडाध्यक्ष कर्णदेव चौधरीका साथै प्रहरी समेतले जग्गा छाडिदिन पटकपटक दबाब दिन थालेको गुनासो गरिन् । श्रीमान् सागर वैदेशिक रोजगारीका क्रममा बाहिर रहेका बेला आफ्नो नम्बरी जग्गाबाट मात्र बाटो निकाल्ने भन्दै एकतर्फी हानीनोक्सानी पु¥याउन खोजेको र आफू सहमत नहुँदा पटकपटक प्रहरीसमेत लगाई दबाब र धम्की दिन थालेको उनले दुखेसो पोखिन् ।

उनी आफ्नो जग्गाको अग्रभागमा रहेको कित्ता नम्बर ९७० को ९ धुर तथा पछाडि भागमा रहेको ६ कठ्ठा १० धुर जग्गामा घर, गोठ र बगैँचा बनाएर बसोबास गर्दै आएकी छिन् । बाटोका लागि आफू जग्गा दिन तयार रहेको तर, आफूले दिए जति जग्गा दाहिनेतर्फका संधियारले पनि दिए आफूलाई थोरै क्षति पुग्ने उनको भनाइ छ ।

यही कुरा राख्दा नमानेर आफ्नो जग्गा मात्र छाडिदिन विपक्षीले दबाब दिइरहेकाले आफू तनावमा परेको उनले सुनाइन् । ‘म बाटो बनाउने कुराको विरोधी होइन,’ उनले भनिन्, ‘तर, संधियारले पनि मैलै दिए जतिकै जग्गा दिन मञ्जुर गर्दा दुवै पक्षलाई कम क्षति हुने कुरा मात्र राखेकी हुँ ।’ वडाअध्यक्ष चौधरीले भने ललिताले छाड्न नमानेको जग्गामा परापूर्वकालदेखि नै गोरेटो बाटो रहेको दाबी गरे । ‘पचासौँ वर्षदेखि जग्गा हुँदै गोरेटो बाटो रहेको थियो,’ वडाध्यक्ष चौधरीले भने, ‘अहिले व्यवस्थित गर्न खोज्दा उल्टै टाटीले घेराबेरा गरेर ललिता र उनका आफन्तले बाटो अवरुद्ध गरिदिएका छन् ।’ बाटो अवरुद्ध हुने गरी टाटीले घेराबेरा गर्दा छरछिमेकलाई आवतजावतमा समस्या भएको भन्दै उनले आफूले सडकका लागि जग्गा छाड्नु भन्दा पनि परापूर्वकालदेखि गाउँलेले प्रयोग गर्दै आएको बाटो खुलाउन मात्र दबाब दिएको बताए । गाउँलेले भने विवादबारे कानूनसम्मत र कसैलाई मर्का नपर्ने गरी अबिलम्व निकास खोज्न माग गरेका छन् ।

# पत्रकारलाई सामुहिक बदनाम गर्नेलाई कारबाही माग

**आरके श्रीवास्तव**
**रौतहट ।**

नेपाल पत्रकार महासंघ रौतहट शाखाले सामाजिक सञ्जालमा पत्रकारलाई सामुहिक बदनाम गराउने जोकोहीलाई कानूनी कारबाही गर्ने जनाएको छ ।

सचिव गौतम श्रेष्ठले बुधबार प्रेस विज्ञप्ति जारी गर्दै केही समयदेखि सामाजिक सञ्जालमा रौतहटका सञ्चारकर्मी पत्रकारलाइ सामुहिकरूपमा बदनाम गर्ने गरी केही व्यक्तिले अशिष्ट भाषा प्रयोग गरेर तथानाम लेख्ने गरेकामा ध्यानाकर्षण भएको जनाएका छन् ।

विज्ञप्तिमा कुनै व्यक्ति वा पात्रसँगको वैचारिक मतभेद वा रिसइबिलाई लिएर सिङ्गो सञ्चारकर्मीलाई बदनाम गर्ने काम हुन नहुने र कोही कसैले बदमासी गरेको भए किटान गरी सम्बन्धित निकायमा उजुरी गर्नुको साटो सम्पूर्ण पत्रकारलाई आरोप लगाउनु निन्दनीय रहेको भन्दै यस्तो गर्नेलाई कानूनी कारबाही गर्ने उल्लेख छ । महासघले सहसचिव दिनेश यादव संगमलाई सूचना अधिकारीका रूपमा चयन गरेको अध्यक्ष सञ्जय कुमार कार्कीले बताए ।

# छोरी भेट्न आउनेलाई पटकपटक बलात्कार १० हप्ताको गर्भ

**मधेशदृष्टि**
**वीरगंज ।**

नशालु पदार्थ खुवाएर किशोरीमाथि पटकपटक बलात्कार गरी गर्भ बोकाएको आरोपमा एक जना पक्राउ परेका छन् । वीरगंज महानगरपालिका वडा नम्बर–३१, इस्लामपुर घर भई वडा नम्बर १३ मुर्लीमा बस्दै आएका ५२ वर्षीय शेख महमद अनवरलाई पर्सा प्रहरीले पक्राउ गरेको हो ।

पीडित किशोरीले दिएको उजुरीका आधारमा उनलाई पक्राउ गरिएको पर्साका प्रमुख प्रहरी उपरीक्षक गौतम मिश्रले जानकारी दिए । उजुरीअनुसार आरोपीले किशोरीलाई विभिन्न नशालु पदार्थ मिसाइएको पानी खुवाएर मानसिकरुपमा कमजोर बनाएर पटकपटक बलात्कार गरेका थिए । पीडित किशोरीको मेडिकल परीक्षणबाट १० हप्ताको गर्भ रहेको पुष्टि भएको छ । किशोरीले लामो समयदेखि नशालु पदार्थ खुवाई जबरजस्ती करणी गरेको प्रहरीसमक्ष बयान दिएकी छन् । घटना बाहिरिएपछि प्रहरीले तत्काल अनुसन्धान शुरु गरी अनवरलाइ पक्राउ गरेको हो । प्रहरीले पीडित किशोरीलाई तत्काल संरक्षणमा राख्दै उनको स्वास्थ्य परीक्षणपछि आवश्यक कानूनी तथा मानसिक परामर्श प्रदान गरिरहेको जनाएको छ । आरोपीविरुद्ध जबरजस्ती करणीको मुद्दामा पर्सा जिल्ला अदालतबाट म्याद थप गरी आवश्यक अनुसन्धान थालिएको प्रमुख प्रहरी उपरीक्षक मिश्रले बताए ।

**छोरी भेट्न आउँदा बाबुबाट बलात्कारको सिकार**

उजुरीकर्ता कक्षा ११ मा अध्ययनरत अन्दाजी १७ वर्षिय ‘बेलवा प’ आरोपीका छोरीकी साथी हुन् । उजुरीअनुसार अनवरले ‘बेलवा प’ छोरीसँग घरमा भेट्न आउँदा विभिन्न नशालु पदार्थ मिसाइएको पानी खुवाएर पहिलो पटक जबरजस्ती करणी गरेका थिए । होसमा आएपछि पिडक अनवरले बेलवा पलाई ‘कसैलाई नभन्न, नत्र मारिदिन्छु, तिम्रो फोटो खिचेको छु, सोसल मिडियामा हाल्दिन्छु’ भन्दै मानसिक रुपमा कमजोर बनाएर ३–४ महिनादेखि पटक–पटक बलात्कार गरिरहेका थिए ।

# रिंकु सदा बलात्कार प्रकरणः वडा सदस्य जेल चलान

**मधेशदृष्टि**
**वीरगंज ।**

सिरहाकी किशोरी रिंकुकुमारी सदायको मृत्यु प्रकरणमा पक्राउ परेका वडासदस्य कारागार चलान भएका छन् । सिरहा जिल्ला अदालतका न्यायाधीश श्रीप्रकाश उप्रेतीको इजलासले वडासदस्य नथुनी साहलाई पुर्पक्षका लागि कारागार चलानको आदेश दिएको हो । उनी घटना मिलाउने पञ्चायती बस्ने मध्येका एक व्यक्ति रहेको भन्दै मुद्दा चलाइएको थियो ।

त्यसैगरी प्रतिवादीहरु रामकृपाल मण्डल, विन्देश्वर साह, कारी भनिने करिया मुसहर, रामदेव सदा र दुई नाबालकलाई भने जनही १ लाख ५० हजार रुपैयाँ धरौटीमा रिहा गर्न आदेश भएको छ । रामविनोद मण्डल र कमलेश कुमार दासलाई भने साधारण तारेखमा रिहा गर्न आदेश भएको छ ।

उनीहरुविरुद्ध जातीय छुवाछुत तथा भेदवभावको कसुर, आत्महत्या दुरुत्साहनको कसुर र जबरजस्ती करणीको मुद्दामा मिलापत्र गराएको कसुरमा मुद्दा चलाइएको थियो । बलात्कारको आरोप लागेपछि पञ्चायत बसेर मिलापत्र गराउन खोजिएकाले मुलुकी फौजदारी अपराधसंहिता २०७४ को दफा २२७ को (क) अनुसारको कसुरमा उनीविरुद्ध मुद्दा चलाइएको थियो । बलात्कार तथा अपहरणका आरोपी दुई जना र पञ्चायती मिलाउन सहभागी हुने ८ जना गरी १० जना अझै फरार छन् ।

# कानु समाजको शपथग्रहण वैशाखमा

**मधेशदृष्टि**
**जनकपुरधाम ।**

कानु समाज नेपाल जनकपुरधाम नगर कमिटी तथा नगर युवा मञ्च कमिटीले २०८२ वैशाख ६ गते शपथग्रहण गर्ने भएको छ । जिल्ला कार्यसमितिको सक्रियतामा सम्पन्न जनकपुरधाम उपमहानगर पालिकामा नगर कमिटी तथा नगर युवा मञ्च कमिटीका निर्वाचित पदाधिकारीसँग भएको छलफलमा यस्तो निर्णय भएको हो ।

धनुषा जिल्ला अध्यक्ष उदय चन्द्र साहको अध्यक्षतामा सम्पन्न वृहत छलफलमा शपथग्रहण कार्यक्रम तय भएको हो । महावीर युवा कमिटीको सभाकक्षमा आयोजित वृहत छलफलमा अधिवेशनको बन्दसत्रले सर्वसम्मत गठित पाँचसदस्यीय निर्वाचन समन्वय छनोट समिति सदस्य तथा कानु समाज नेपालका केन्द्रीय सदस्यद्वय पवन कुमार साह र कमल साह, जनकपुरधाम उपमहानगरपालिका–३ का वडा अध्यक्ष बेचन साह, प्राध्यापक रमेश कुमार साह र रामबहादुर साह, जिल्ला कमिटी सचिव प्राध्यापक मुक्तिनाथ साह, कोषाध्यक्ष अशोषक साह, वरिष्ठ पत्रकार श्रीनारायण साह, नवनिर्वाचित नगर कमिटी अध्यक्ष शंकर साह तथा कार्यसमिति, युवा मञ्चका अध्यक्ष सन्तोष साह तथा सम्पूर्ण कार्यसमितिका सदस्य उपस्थित थिए ।

युवा व्यवसायी शंकर प्रसाद साहको अध्यक्षतामा २१ सदस्यीय नगर कार्यसमिति सर्वसम्मत चयन भएको हो । समितिले जनकपुरधाम उपमहानगरपालिकाको २५ वटै वडामा रहेका वैश्य मध्येशिया कानु, कानकुब्ज, मगहिया हलवाई जातिमा भएका सक्रिय व्यक्तित्वलाई कार्यसमितिमा चयन गर्न मदत पु¥याएको जिल्ला कार्यसमितिका सचिव प्राध्यापक मुक्तिनाथ साहले बताए ।

# ठाकुररामामा मतगणना शुरु



**मधेशदृष्टि**
**वीरगंज ।**

ठाकुरराम बहुमुखी क्याम्पसमा (स्ववियु) निर्वाचनको एक हप्तादेखि रोकिएको मतगणना बुधबार अपराह्नदेखि शुरु भएको छ । मंगलबार साँझ जिल्ला प्रशासन कार्यालय पर्सामा जिल्ला सुरक्षा समिति र विद्यार्थी संगठनबीच भएको सहमतिपछि मतगणना शुरु गरिएको हो ।

प्रमुख निर्वाचन अधिकृत दिलीप सिंहले बुधबार दिउँसो २ बजेदेखि नै मतगणना सुचारु गर्ने सहमति भए पनि अपराह्न ४ बजेदेखि मतगणना शुरु भएको बताए । यसअघि बुधबार बिहान प्रमुख जिल्ला अधिकारी गणेश अर्यालको पहलमा क्याम्पस प्रमुख, प्रमुख राजनीतिक दलका प्रतिनिधि, नेपाल पत्रकार महासंघ, बार एसोसिएसन, मानवअधिकार संगठन र विद्यार्थी संगठनका प्रतिनिधिसँग बैठक बसेर दिउँसो २ बजेदेखि मतगणना शुरु गर्ने सहमति भएको थियो । मतगणनास्थलमा अर्यालसहित पर्सा प्रहरी प्रमुख प्रहरी उपरीक्षक गौतम मिश्र, सशस्त्र प्रहरी बल नम्बर १३ गणका गणपति प्रहरी उपरीक्षक राधेश्याम धिमाललगायत सुरक्षाकर्मी र प्रशासकीय अधिकारी उपस्थित छन् ।

स्ववियु निर्वाचन समितिका प्रमुख निर्वाचन अधिकृत सिंहले बिहीबार दिउँसोसम्म मतगणना सम्पन्न गरी विजेता घोषणा गर्ने योजना रहेको बताए । चैत ५ गते ठाकुरराम क्याम्पसमा १६ वर्षपछि सम्पन्न भएको स्ववियु निर्वाचनको मतगणना चैत ६ गते साँझदेखि शुरु भएको थियो । तर, दोस्रो दिन बिहीबार मतपेटिकाको नम्बर र उम्मेदवारका प्रतिनिधिसँग भएको मुचुल्का नम्बर नमिल्दा विवाद चर्किएको थियो । निर्वाचनमा सभापति पदमा १४ जनासहित २१ पदका लागि २ सय ४७ उम्मेदवार प्रतिस्पर्धामा छन् ।

# गहवामाईमा २३ गते डोलीयात्रा




**मधेशदृष्टि**
**वीरगंज ।**

गहवामाई माताको दोस्रो डोलीयात्रा चैत २३ गते निकालिने भएको छ । वीरगंजको प्रमुख शक्तिपीठ गहवामाई मन्दिरबाट गत वर्षदेखि गहवामाई माताको डोलीयात्रा निकाल्न थालिएको छ ।

चैत २३ गते शनिबारका दिन गहवामाईको दोस्रो डोलीयात्रा निकाल्न लागिएको माईस्थान मन्दिर सञ्चालक समितीका अध्यक्ष नरेन्द्र साहले जानकारी दिए । चैत २३ गते अर्थात चैते दशैँको अष्टमीका दिन निकालिने डोलीयात्राका लागि तयारी शुरु भइसकेको उनले बताए ।

चैत २३ गते शनिबार अपरान्ह ४ बजे गहवामाई मन्दिरको प्रांगणबाट निशानासहित गहवामाईको डोलीयात्रा शुरु हुनेछ । त्यसअघि दिउँसो २ बजे गहवामाईको डोली र निशानको विशेष पूजा हुनेछ ।

त्यसपछि २ नम्बर रोड, वीर्ता मन्दिर हुँदै अलखियामठ, महावीरस्थान, माईस्थानको चोक परिक्रमा गर्दै डोलीयात्रा पुन गहवामाई मन्दिर प्रांगणमा पुगेर समापन हुनेछ । साँझ गहवामाई मन्दिर अगाडि महाआरती राखिएको छ ।

मधेश प्रदेश प्रकाशन समूहद्वारा प्रकाशित तथा मुद्रित, सम्पर्कः वीरगंज महानगरपालिका–१३, पर्सा, मोबाइल नं.–९८५५०२१२८१, कार्यालयः जनकपुरधाम–२, भानुचोक, किशोरी नगर, फोन नं.–०४१–५९०२८९, E-mail: madheshdristi@gmail.com, अध्यक्षः ध्रुव साह, सम्पादकः रामकुमार एलन